म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ३३० २०८० कार्तिक १९ गते आइतबार 5 November 2023, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७

QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

### जाजरकोटको रामीडाँडा केन्द्रविन्दु बनाएर ६.४ म्याग्निच्युडको भूकम्प

# जाजरकोट र रुकुम पश्चिमका १५७ को मृत्यु



समाज संवाददाता

हेटौँडाः कणाली प्रदेशको जाजरकोट जिल्लाको बारेकोट गाउँपालिका-१ स्थित रामीडाँडालाई केन्द्रविन्दु बनाएर शुक्रबार मध्यराती भूकम्प गएको छ । शुक्रबार राती ११ बजेर ४७ मिनेटको समयमा ६ दशमलव ४ म्याग्निच्युडको भूकम्पले जाजरकोट र रुकुमपश्चिममा ठूलो क्षति पुऱ्याएको छ । शनिबार साँझसम्ममा जाजरकोट र रुकुमपश्चिममा मृत्यु हुनेको संख्या एक सय ५७ पुगेको छ। तीन सय ७५ जना घाइते भएका छन् ।

गृह मन्त्रालका अनुसार शनिबार साँझसम्म प्राप्त विवरण अनुसार जाजर कोटमा एक सय पाँच जना र रुकुम पश्चिममा ५२ जनाको मृत्यु भएको हो । सामान्य घाइतेहरुको स्थानीय तथा जिल्ला अस्पतालमा भइरहेको छ भने गम्भीर घाइतेहरुलाई हवाई उद्दार गरी काठमाडौं, सुर्खेत र नेपालगञ्जमा उपचार गरिएको छ । काठमाडौंको त्रिवि शिक्षण अस्पतालमा ७ जनाको उपचार भइरहेको छ। भूकम्पका कारण कति घर क्षति भयो भन्ने विषयमा सरकारको आधिकारिक विवरण तयार पार्न सकेको छैन ।

भूकम्पमा परी जाजरकोटको नलगाढ नगरपालिकाकी उपप्रमुखको मृत्यु भएको छ । भूकम्पमा परेर उपप्रमुख सरिता सिंहको मृत्यु भएको कर्णाली प्रदेश प्रहरी प्रमुख डीआईजी भीम ढकालले जानकारी दिए । उनका अनुसार नगर उपप्रमुख सिंहको सदरमुकामस्थित घरमै सुतिरहेको अवस्थामा भूकम्पले मृत्यु भएको हो । उनी कांग्रेसबाट निर्वाचित भएकी थिइन् ।

भूकम्पको केन्द्रविन्दु पर्ने बारेकोट गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरीले सग्ला घरहरु देख्न मुस्किल पर्ने बताएका छन् । सरकारले जाजरकोट र रुकुम पश्चिमको भूकम्प प्रभावित क्षेत्रमा खोज, उद्दार तथा उपचारका लागि जिल्ला विपद् व्यवस्थापन कोषामा ५/५ करोड रूपैयाँ पठाउने भएको छ। भूकम्प प्रभावित क्षेत्रमा खोज, उद्दार तथा उपचार कार्यलाई पहिलो प्राथमिकतामा दिने भन्दै तत्कालको राहतका लागि स्वीकृत मापदण्ड बमोजिम खर्च गर्ने गरी जाजरकोट र रूकुम पश्चिमको जिल्ला विपद् व्यवस्थापन कोषामा उक्त रकम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट पठाउने निर्णय सरकारले गरेको हो ।

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको नेतृत्वमा बसेको बैठकले घाइतेको तत्काल औषधि उपचारको व्यवस्थाका लागि आवश्यक पर्ने औषधि तथा विशेषज्ञ चिकित्सकसहितको जनशक्ति, अत्यावश्यक औषधि उपकरहरू छिटो साधनमार्फ तत्काल परिचालन गर्ने र थप उपचारका लागि स्वास्थ्य जनशक्ति सुर्खेत, नेपालगञ्ज र काठमाडौंमा तयारी अवस्थामा राखी सो कार्यको नेतृत्व तथा व्यवस्थापन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने निर्णय समेत गरेको छ ।

प्राथमिक राहत व्यवस्थापनका लागि खाद्यान्न, अस्थायी आवास (टेन्ट, त्रिपाल, कम्बल, म्याट्रेस, स्लिपिङ ब्याग आदि), सुर्खेत, नेपालगञ्ज र काठमाडौंमामा रहेका भण्डारणबाट भूकम्प प्रभावित जिल्लाको आवश्यकताका आधारमा तत्काल परिचालन गर्ने निर्णय समेत भएको छ। तत्काल द्रुत लेखाजोखा कार्यका लागि नेपाल रेडक्रसले जिल्ला विपद् व्यवस्थापन समितिसँगको समन्वयमा तालिम प्राप्त जनशक्ति समेत खटाउने निर्णय गरेको छ । विपद्मा खोज, उद्दार, उपचार र समन्वयका लागि सुर्खेतलाई मुख्य र नेपालगञ्जलाई सहायक केन्द्र तोकी आवश्कता अनुसार जनशक्ति र साधन स्रोत परिचालन गर्ने निर्णय भएको छ ।

विपद्मा खोज, उद्दार र सहयोगका लागि विदेशी राष्ट्र तथा नियोगबाट प्राप्त भएका सहयोग प्रस्तावका लागि धन्यवाद दिंदै थप विवरण र क्षतिका आधारमा आवश्यकता अनुसार सहयोगका लागि सरकारले अनुरोध समेत गरेको छ । भूकम्पका कारण अवरूद्ध भएका सडक तत्काल खुलाउन सडक विभागले आवश्यक व्यवस्था मिलाउने भएको छ । खोज, उद्दार र राहतका लागि जिल्ला विपद् व्यवस्थापन समिति मार्फत एकद्वार प्रणाली अवलम्बन गर्ने साथै सहयोग गर्ने सबै व्यक्ति तथा निकायहरूले सोही संयन्त्रसँग समन्वय गरी सहयोग गर्ने व्यवस्था मिलाउने निर्णय पनि भएको छ ।

# भूकम्प पीडितको उद्दार र राहतमा सहयोगको घोषणा

समाज संवाददाता

हेटौँडाः जाजरकोट भूकम्प प्रभावितको उद्दार र राहतका लागि देशविदेशबाट सहयोगको प्रतिवद्धता भइरहेको छ । छिमेकी मुलुक चीनले १० करोड रुपैयाँ बराबरको राहत सामग्री सहयोग गर्ने भएको छ । नेपालस्थित चिनियाँ दूतावासका अनुसार भूकम्पपछिको पहिलो चरणको सहयोगका रुपमा १०० मिलियन मूल्य बराबरको पाल र ब्ल्यांकेट लगायतका सामग्री उपलब्ध गराउने घोषणा गरेको हो। नेपालका लागि चिनियाँ राजदूत चेन सोङले पहिलो आपतकालीन सहायताको रुपमा चीनले भूकम्प प्रभावित क्षेत्रलाई उपलब्ध गराउने सबै सामग्री एक-दुई दिनमा आइपुग्ने जानकारी दिएका छन् ।

अमेरिका र भारतले पनि आवश्यक सहयोग गर्न तयार रहेको प्रतिक्रिया दिएको छ । रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले धनजनको क्षतिप्रति गहिरो दुःख व्यक्त गरेका छन् । पुटिनले समकक्षी राष्ट्रपति रामचन्द्र पौडेललाई शनिबार पत्र पठाउँदै प्राकृतिक विपत्तिको दुखद घटनाबाट पीडित नेपालीप्रति गहिरो संवेदना प्रकट गरेको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए । पत्रमार्फत राष्ट्रपति पुटिनले भूकम्पबाट पीडितहरुका आफन्त तथा शुभेच्छुक नेपाली जनताप्रति आफ्नो साथ, सहयोग र सहानुभूति रहेको उल्लेख गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना पनि गरेका छन् ।

सुदूरपश्चिम प्रदेश सरकारले एक करोड रुपैयाँ राहत दिने निर्णय गरेको छ। शनिबार बिहान बसेको मन्त्रिपरिषद्को बैठकले भूकम्प प्रभावितहरूको राहतका लागि एक करोड रूपैयाँ दिने निर्णय गरेको मुख्यमन्त्री कमलबहादुर शाहले जानकारी दिए । यस्तै सरकारले प्रभावित क्षेत्रमा २० जना स्वास्थ्यकर्मीको टोली पठाउने निर्णय पनि गरेको उनले बताए । कोशी प्रदेश सरकारले एक करोड रूपैयाँ पठाउने निर्णय गरेको छ। शनिबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले पीडितको राहत, उद्दार र पुनर्स्थापनाका सम्बन्धित प्रदेशलाई एक करोड रूपैयाँ सहयोग गर्ने निर्णय गरेको हो ।

एनसेल आजियाटा लिमिटेडले तत्काल ५० लाख रुपैयाँ आर्थिक सहयोग गर्ने घोषणा गरेको छ। कम्पनीले शनिबार विज्ञप्ति जारी गर्दै भूकम्प तत्काल सहयोग गर्न कर्णाली प्रदेश सरकारलाई उक्त रकम उपलब्ध गराउने घोषणा गरेको हो । सोही क्षेत्रमा राहत तथा उद्दार कार्यलाई सहयोग पुऱ्याउने प्रभावित जिल्ला जाजरकोट, रुकुम (पश्चिम) र रुकुम (पूर्व)मा रहेका ग्राहकलाई ४० लाख ब्यालेन्स बाराबरको सेवाहरु निःशुल्क उपलब्ध गराउने घोषणा समेत एनसेलले गरेको छ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले २५ लाख रूपैयाँ आर्थिक सहयोग घोषणा गरेको छ । बुद्ध एयरले एक करोड रुपैयाँ सहयोग गर्ने भएको छ।

# बागमती प्रदेशले १ करोड ५० लाख सहयोग गर्ने

समाज संवाददाता

हेटौँडाः कर्णाली प्रदेशको जाजरकोट जिल्लाको रामीडाँडा केन्द्रविन्दु बनाएर शुक्रबार राती गएको ६.४ रेक्टरस्केलको भूकम्पमा परी पीडितको उद्दार, उपचार र पुनर्स्थापनाका लागि बागमती प्रदेश सरकारले एक करोड ५० लाख रुपैयाँ सहयोग प्रदान गर्ने घोषणा गरेको छ । बागमती प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले शनिबार एक विज्ञप्ति जारी गर्नुहुँदै सहयोगको घोषणा गर्नुभएको छ ।

बागमती प्रदेश सरकारले भूकम्पले पुऱ्याएको क्षतिप्रति दुख व्यक्त गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गरेको छ। भूकम्प पीडितको उद्दार, उपचार एवम् पुनर्स्थापनामा सहयोग गर्न नागरिक समाज, गैरसरकारी सं,घ संस्थालाई अपील समेत गरिएको छ । भूकम्पमा परी जाजरकोटमा एक सय पाँच जना र रुकुम पश्चिममा ५२ गरी कुल एक सय ५७ जनाको मृत्यु भएको नेपाल प्रहरीले जानकारी दिएको छ । भूकम्पमा परी दुई सय भन्दा बढी घाइते भएको प्रहरीले जनाएको छ । भूकम्प प्रभावित क्षेत्रमा प्रधानमन्त्री पुष्पकमल दाहालले स्थलगत निरीक्षण गरिसक्नुभएको छ भने संघीय सरकारले उद्दार, राहत र पुनर्स्थापनाको प्रयास गरिरहेको छ ।

# भूकम्प पीडितको तत्काल उद्दार गर्नुः थपलिया

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का नेता जगन्नाथ थपलियाले भूकम्प प्रभावित क्षेत्रमा जोखिमप्रति सजग रहँदै तत्काल राहत र उद्दारको काममा लाग्न अनुरोध गर्नुभएको छ ।

पूर्व अर्थमन्त्री समेत रहनुभएका नेता थपलियाले शनिबार एक अपिल पत्र जारी गर्दै भूकम्पमा परी कैयौं व्यक्तिहरु बेपत्ता भइरहेको, स्वास्थ्य केन्द्र र अस्पतालहररु बिरामीले भरिएको तथा मध्यरातिमा भूकम्प गएकोले ठूलो मानवीय क्षति भएकोले स्थानीय स्वास्थ्य संस्थाले थेग्न सक्ने अवस्था समेत नरहेको उल्लेख गर्दै यस्तो बेला बेपत्ताहरुको खोजी, घाइतेहरुको उद्दार गरी उपचार तथा भूकम्प प्रभावित नागरिकहरुको उचित व्यवस्थापनमा जुट्न नेपाल सरकार, कर्णाली प्रदेश सरकार, स्थानीय सरकारहरु तथा सम्पूर्ण आमनेपालीजनमा अपिल गर्नुभएको छ ।

"कार्तिक १७ गते राती पश्चिम नेपालको जाजरकोट जिल्ला केन्द्रविन्दु बनाई गएको शक्तिशाली भूकम्पमा परी ज्यान गुनाउन पुगेका नलगाढ नगरपालिकाकी उपप्रमुख सरिता सिंहसहित सम्पूर्ण मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।" थपलियाले अपीलमा भन्नभुएको छ । "भूकम्पमा परी घाइते भएकाहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ताहरुको खोजी, घाइतेहरुको उद्धार गरी उपचार तथा भूकम्प प्रभावित नागरिकहरुको उचित व्यवस्थापनमा जुट्न नेपाल सरकार, कर्णाली प्रदेश सरकार, स्थानीय सरकारहरु तथा सम्पूर्ण आमनेपालीजनमा हार्दिक अनुरोध गर्दछु ।

साथै भूकम्पपछि पराकम्पहरु आइरहनसक्ने जोखिमप्रति सजग रहदै तत्काल राहत र उद्धारको काममा लाग्न सम्बन्धित सम्पूर्णमा अनुरोध गर्दछु" थपलियाले जारी गर्नुभएको अपिलमा उल्लेख छ ।

# नेपालले उपाधिका लागि ओमानसँग खेल्दै

समाज संवाददाता

हेटौंडाः आईसीसी टी-२० विश्वकप क्रिकेटको एसिया छनोटको उपाधिका लागि नेपालले ओमानसँग आज आइतबार खेल्दैछ। शुक्रबार सेमिफाइनलमा यूएईलाई हराउँदै १० वर्षपछि विश्वकपमा छनोट भएको नेपालले छनोट प्रतियोगिताको उपाधिका लागि ओमानसँग खेल्न लागेको हो ।

त्रिभुवन विश्वविद्यालयको खेलमैदान कीर्तिपुरमा हुने नेपाल र ओमानबीचको फाइलन खेलमा दुवै टोली जित निकाल्ने योजनासहित मैदानमा उत्रनेछ। शुक्रबार नै भएको अर्को सेमिफाइनलमा बहराइनलाई ओमानले १० विकेटले हराउँदै विश्वकपमा छनोट हुँदै प्रतियोगिताको फाइनलमा प्रवेश गरेको थियो। नेपाल समुह चरणमा खेलमा ओमानसँग पराजित भएको थियो । नेपाललाई अब समूह चरणमा ब्यहोरेको हारको बदला फाइनलमा लिने अवसर प्राप्त छ।

Gokyo Motors
Your Trusted Vehicle Care Hub

कार्बन सफाईको लाभ

इन्जिनको आयु अवधिमा वृद्धि
गाडीको प्रदर्शनमा सुधार
कम धुवाँ र आवाज उत्पादन
सवारी साधनको पिकअपमा सुधार

आजै आफ्नो गाडीको डिकार्बोनाइज गर्नुहोस्।



Gokyo Motors
Hetauda-04, Rajat stambha marga
9845025648, 9809103233

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# सम्पादकीय

## भूकम्प र असुरक्षित आवास

कर्णाली प्रदेशको जाजरकोट जिल्लाको रामीडाँडा केन्द्रविन्दु बनाएर शुक्रबार मध्यराती ६ दशमलव ४ रेक्टरस्केलको भूकम्पले ठूलो जनधनको क्षति भएको छ । देशभर नै धक्का महसुस गरिएको भूकम्पले जाजरकोट र रुकुम पश्चिम बढी प्रभावित छ । शनिबार अबेरसम्ममा एक सय ५७ जनाको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । दुई सय भन्दा बढी संख्यामा घाइते छन् । घटनास्थलमा प्रधानमन्त्री पुष्पकमल दाहालले नै स्थलगत अवलोकन गरिसक्नुभएको छ भने राहत र उद्वारका लागि सरकारले सक्दो प्रयास गरिरहेको छ ।

भूकम्प विपद् मध्ये सबैभन्दा जोखिम र पूर्वसंकेत बिना नै आउँछ । पछिल्लो समय मोवाइल प्रविधिले केही सेकेण्ड अघि मात्रै भूकम्पका संकेत दिने गरेको छ । सीमित व्यक्ति र सक्षम उमेर समूहका व्यक्तिको पहूँचमा रहने मोवाइल प्रविधिले दिने संकेतले सामान्य अवस्थामा पनि सुरक्षित रहन समय पर्याप्त हुन्न । शुक्रबार मध्यराती आएको भूकम्पका कारण अधिकांश मानिस खाना खाएर सुतिसकेको बेलामा भएकोले ठूलो जनधनको क्षति भएको हो । जाजरकोटलाई केन्द्रविन्दु बनाएर आएको भूकम्पले बढी क्षति गर्नुमा त्यस क्षेत्रको गरिबी पनि प्रमुख कारण हो ।

अधिकांश परिवार विपन्न हुनुले सुरक्षित आवासको सुनिश्चितता हुन सकेको छैन । कमजोर आवासीय भवनकै कारण भूकम्पको धक्काले केन्द्रविन्दु र आसपासका आवासीय भवन प्राय: ध्वस्त छन् । जसले ठूलो जनधनको क्षति भएको छ । दुखद् घटनाप्रति सबैको ध्यान जानु स्वभाविक हो । आइतबार बिहानैदेखि राजनीतिक दल, संघीय, प्रदेश सरकार, व्यावसायिक संघ, संस्था र सामाजिक संघ, संस्थाले आआफ्नो तर्फबाट साथ र सहयोगको घोषणा गरिरहेका छन् । मित्रराष्ट्रले समेत घटनाप्रति दुख व्यक्त गर्दै साथ र सहयोगको प्रतिवद्धता जनाएका छन् । जाजरकोट विपद्मा सबैको एकतावद्ध प्रयास जरुरी छ ।

यतिबेला पीडितको उद्वार, राहत र पुनर्स्थापनामा विशेष ध्यान दिनु जरुरी छ । सबैको साथ र सहयोगमा छिँ जाजरकोटा, रुकुमपश्चिम र आसपासका भूकम्प पीडित परिवारले सहज दैनिकीतर्फ फर्कने अवस्थाका लागि संघीय सरकार जिम्मेवार हुनुपर्छ । २०७२ बैशाखको भूकम्प व्यहोरेको काठमाडौं र आसपासका क्षेत्रका लागि जाजरकोट भूकम्प सामान्य पनि लाग्न सक्छ । भूकम्पमा नियमित मापनमा नेपाली समाज निरन्तर अभ्यस्त बनेको छ । जाजरकोट भूकम्प एउटा नियमित आकस्मिकता मात्रै हो भनेर केहीदिनमा भुलेर जाने अवस्था रहनु हुन्न ।

मुख्यत: तीन तहको सरकार रहँदा पनि आमरुपमा नेपाली समाजमा सुरक्षित आवासको सुनिश्चितता हुन सकेको छैन । अझ पश्चिम पहाडको अवस्था के छ भन्ने जाजरकोट भूकम्पले नै स्पष्ट बनाएको छ । भूकम्पको केन्द्रविन्दु रहेको जाजरकोट जिल्लाको बारेकोट गाउँपालिकामा सग्ला घर देख्न नसकिने गाउँपालिकाका अध्यक्षले नै उल्लेख गर्नुभएको छ । यसले के देखाउँछ भने विपद्ले पार्ने प्रभावलाई थेग्न सक्ने अवस्थामा हामी छैनौं । विपद्को बलको तुलना हामी असाध्यै कमजोर अवस्थामा छौं । २०७२ सालको भूकम्पपछिको पुनर्निर्माणमा प्राप्त गरेको सफलतालाई आधार मान्ने हो भने पनि हामीले न्यूनतम् पनि सुरक्षित आवासलाई सुनिश्चित गर्न सक्छौं, सक्नुपर्छ । २०७२ सालको भूकम्पपछि सुरक्षित आवास सुनिश्चित गर्न ध्यान दिन सकेको भए आज जाजरकोट र रुकुमपश्चिममा यत्ति ठूलो क्षति हुने थिएन । आगामी दिनमा संघीय सरकारले नागरिकको सुरक्षाका लागि तीनै तहको सरकार र विश्वव्यापी सहायता र सहकार्यमा सुरक्षित आवासलाई सुनिश्चित गर्नेतर्फ आवश्यक योजनामा पनि काम गर्नुपर्छ । विपद्को आकस्मिकतालाई दोष दिएर सरकारले आफ्ना नागरिकको सुरक्षित आवासको अधिकारलाई स्थापित गर्ने जिम्मेवारीको बेवास्ता गर्नुहुन्न ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |


## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : घरयासी काममा समय वयतित हुने समय छ ।
**वृष** : प्रतिस्पर्धीहरुलाई परास्त गरिने समय छ ।
**मिथुन** : खर्च वृद्धि र परोपकारीमा समय व्यतित होला ।
**कर्कट** : हाँके ताकेका कामहरु पूर्ण हुने समय योग छ ।
**सिंह** : परिश्रमले धनागम र खर्च कन्ट्रोल हुने छ ।
**कन्या** : अहंकार र आडम्बरबाट जोगिँदा राम्रो होला ।
**तुला** : आलस्य त्याग गर्दा विशेष विचारणीय छ ।
**वृश्चिक** : नयाँ परियोजनाको काममा सरिक भइएला ।
**धनु** : परीक्षा प्रतियोगितामा विजय भइने योग छ ।
**मकर** : रोकिएका कामहरु सञ्चालन हुने समय योग छ ।
**कुम्भ** : व्यापार-व्यवसाय मध्यमकारक रहने योग छ ।
**मीन** : साझेदारी काम र पेशाबाट लाभ प्राप्त होला ।

# मदिरा जस्तो तिम्रो प्रेम



**भूमिराज पौडेल**

प्रिय्, वास्तवमा प्रेम भनेको जीवनको भावनात्मक शब्द हो, तर यसलाइ शब्दमा परिभाषित गर्न असम्भव छ अनि उचित पनि हुँदैन । जसरी हामिले हावामा उडिरहेका फुलहरु का सुगन्ध देख्न सक्दैनौं अनुभव गर्न सक्छौ त्यस्तै प्रेम पनि एक भावना हो । विभिन्न वैज्ञानिक, दार्शनिक, उपन्यासकार, भिक्षु, मनोवैज्ञानिकहरुका अनुसार प्रेमको परिभाषा फरकफरक रहेको छ । तिमिलाइ थाहा नै होला । प्रेम आकास जस्तै अनन्त छ, जसको कुनै सिमा नै छैन । प्रेमका कुरा हर कोहिले गर्छन तर यसलाइ बुझ्ने कम नै भेटिन्छन ।

प्रिय आज म फेरि पनि तिमिलाइ दोश्रो पटक पत्र लेख्दै छु । तिम्रो प्रेम मैले बुझ्न सके या सकिन त्यो मलाइ थाहा भएन, किनकी प्रेम त उमेर अनुसार फरक हुँदोरहेछ । तिम्रो प्रेम त मलाइ मदिरा जस्तो लाग्यो । तिम्रो प्रेममा म लठ्ठ भए । अर्धबेहोस भए । तिम्रै झ-झल्कोमा हराएर दुनियासँग बेखबर भए । सोँच त के गरिन तिम्रो प्रेम पाउँदा ? मदिरा भन्दा पनि कडा हुँदो रैछ नि तिम्रो प्रेमको मात । मदिरा त पिउन छोडेपछि लाग्दैन तर तिम्रो प्रेमको मदिरा त एकपटक खाएको थिए अनि अहिले छाडे पछि पनि बारम्बार तिम्रै याद ले बल्झाउदो रहेछ ।

सायद प्रेम लाइ बन्धन पनि भन्ने गर्छन क्यारे ! त्यसैले होला मलाई तिम्रो प्रेमको बन्धनले बेलाबेलामा बल्झाइरहन्छ । अनि अर्को कुरा, प्रेम बन्धन भएर पनि कति प्रिय अनि कति लोभलाग्दो । मान्छे सबै बन्धनबाट उम्कन चाहान्छ तर प्रेमको बन्धनमा बाँधिन चाहन्छ । फूलमा भएको सुगन्धलाई जतिसुके च्यातेर फाले पनि सुगन्ध चुडाउन सकिँदैन त्यसैगरी प्रेमको अदृश्य बन्धन पनि चुडाउन नसकिने हुँदो रहेछ ।

तिमीले हामी छुटिनुभन्दा १०/१५ दिन पहिले तिम्रै हातले चिठी लेखेर अब हामी प्रेममा रहन सक्दैनौं भन्दा मैले बि.स २०७२ सालको महाभुकम्प आएको जस्तो धक्का महसुस गरेको थिए । त्यसैले भन्ने गर्छु तिम्रो प्रेम बुझ्न सकिन ।

तिम्रो प्रेममा म यति धेरै भिजेको थिए कि तिमी "तिमी" नै थिइनौ मेरो प्रेम थियौ । प्रिती आलेले भनेजस्तै मेरो नसानसा रगतमा थियौ, तर जब तिमी गयौ तिम्रो प्रेमसँगै म पनि सति गए अथवा मेरो नसानसा रगतमा तिम्रो प्रेम पुग्न सकेन, अनि भन्ने गर्छु मदिरा जस्तो तिम्रो प्रेम । तिम्रो प्रेम जस्तै मदिरा पनि खाएपछि नसानसामा पुग्छ । आखिर तिम्रो प्रेमको अर्को उपनाम यहि मदिरा नै रैछ क्या ।

तिमी मेरो पहिलो प्रेम थियौ म तिम्रो पहिलो दोश्रो कुन थिए त्यो तिमिलाइ नै थाहा होला तिमि मेरो पहिलो प्रेम हुँदा म प्रतेक दिन लाई भ्यालेनटाइन डे भन्दा बढी महत्व दिएको थिएँ । हिजो हामिले बिताएका रमाइला स्थान आज मरुभूमि झैं निरास र उजाड बनेका छन । मुटु फुटाउने छाती भकानिने पलहरु बनेका छन । प्रेमले भिज्ने आँखाहरु आज त्यही तिम्रो प्रेमको सम्झनामा रुने गरेका छन । हिजो तिम्रो माया, साथ, सल्लाह सेवन गरेका यी नसाहरु ले आज प्रेम कै कारण मदिरा सेवन गरेका छन, अनि भन्न बाध्य हुन्छु मदिरा जस्तो तिम्रो प्रेम ।

तिमिले लेखेर दिएको प्रेमपत्र मैले आज पनि जतन साथ राखेको छु । तिम्रो सुन्दर औंलाबाट कालो मसिले लेखेका ती अक्षरहरु समयको अन्तरालले फिक्का पारिदिएता पनि यादहरु भने गाढा छन ।

हुन त तिमिलाइ मेरो माया नलाग्ने पनि होइन । मलाइ तिम्रो माया नसा बनेर लाग्यो, तर मेरो माया तिमिलाइ माया नै बनेर लाग्यो । समय र परिस्थितिले तिमिलाइ तेस्तै बनायो । परिवारको खुसीको लागि मलाइ त्यागनु पर्यो, तर पनि केही छैन । म त तिम्रो छाया मा नै मेरो जिन्दगी समर्पित गर्न चाहान्थे । हाम्रो प्रेमको फुलबारी रङ्गिचङ्गी बनाउन चाहान्थे । प्रेमका फुलबारीमा भएका कोपिलाहरुको अनुराग फक्रीयोस र सर्वत्र अनुराग छरोस भन्ने मेरो कामना थियो, तर आज यी सबै सपनाहरु बन्द कोठाभित्र छरपस्ट भएका छन ।

प्रीय म जस्तो थिए तेस्तै छु तिमी जस्ती थियौ तेस्ती रहिनछौ, किनकी यहाँ भनाइ र गराइमा फरक हुँदो रहेछ । हुन त मैले म जस्तो थिएँ त्यस्तै छु भन्दा तिमिलाइ आफैंले आफैंलाइ मपाइ भनेको जस्तो लाग्ला तर होइन । म त अझै पनि तिमिलाइ तिमिले बुझ्न सक्ने जति, तिमिले लिन सक्ने जति, आफ्नो हृदयमा समेट्न सक्ने जति, मुहारमा मीठो मुस्कान फलाउन सक्ने जति प्रेम गर्छु । तिमिलाइ हेरेर कहिल्यै नथाकेका यी निर्दोष नयनहरु तिम्रो स्पर्श बोकेर आउने बतासहरुलाई अझै पनि साक्षी राखेर भन्छु, तिम्रो जीवनमा हर्ष उमंग पोखेर म भित्री हृदय देखि नै तिमिलाइ निस्वार्थ प्रेम गर्छु ।

तानाशाह हिटलरले भनेका छन "प्रेम होइन युद्द गर्नुहोस" युद्धमा तपाईं कि मर्नु हुन्छ कि बाच्नु हुन्छ । तर प्रेम मा तपाईं न बाच्नु हुन्छ न मर्नु हुन्छ नै । हो तेस्तै बनाइयो मलाइ तिम्रो प्रेमले पनि । मन जोड्ने देखि महल जोड्ने सम्मको सपना बोकेका हामी आज सम्बन्ध टुटाएर बसेका छौ । सम्बन्ध मात्रै टुटेको होइन, मन पनि टुटेको छ । मुटु भक्कानिरहेको छ । आँखा रसाएका छन । जसरी देशबाट परदेश पठाउदा बिदाइका हात हल्लाउँदा आँखा रसाउछन । ठ्याक्कै त्यसतै भएको छ । मात्र बेदना र रोदन फरक हो ।

अहिले तिम्रो जीवन के कस्तो छ मलाइ थाहा छैन तर म भने विवस भएको छु । मन भरी पीडाको भारी बोकेको छु । तिमिले बेला बेला पठाएका पत्रहरु संगालेर राखेको छु ।

आजकल त जीवनका पानाहरु पनि सुन्य भएका छन । रंगिन सपना देख्न छोडेको छु । हृदयमा तिमिलाइ सजाउन त भाग्य चाहिँदो रहेछ । तर म अभागी न परे । हुन त एक भएकालाई समयचक्रले छुटाउछ, मुनामदनलाइ छुट्याए जसरी । त्यसैले मेरो केही गुनासो छैन अनि केही दुख पनि ।

प्रीय, आजकल मेरो जीवन जे जस्तो छ आनन्द र मुक्तीले भरिपुर्ण छ । तिमिले छाडे पनि बाआमाको काखमा छु । कुनै चिन्ता छैन, तनाब छैन, एक-एक क्षण जीवनको गीत गाउन योग्य भएका छन । मैले हिँडेको जीवनको बाटो भाग्यले कोरिदिएका छन । ती भित्रका स-साना शब्द हासोको कारण बनेर म रमाएको छु ।

तिम्रो अभावमा मैले बिताएका रात, मेरा चिन्तन, मेरा बिचार अनि मेरा भावना समय मिल्यो भने अवस्य सुनाउँला । यो जिन्दगी तिमिले मलाइ समर्पण गर्न नसके पनि अर्को जिन्दगी तिमिले भन्दा पहिला म तिमिलाई नै समर्पण गरुँला । प्रेमले मानिसलाई परिवर्तन गराउँछ भन्ने गर्थे तर साँच्चै गराउने रैछ मदिरा भन्दा पनि कडा रहेछ तिम्रो प्रेमको मात !

एक पटक मताएपछी बारम्बार मताएको छ धन्यवाद......

उहीँ तिम्रो
भुमिराज पौडेल

# पुतली बाजे : जो भन्थे– मेरो देशै नेपाल, मेरो लास सेतीमा जलाइदिनू



**विकास रोकामगर**



वास्तविक नाम कोलिन स्मिथ भए पनि पुतली बाजेकै नामले परिचित उनको शनिबार बिहान उपचारकै क्रममा पोखरामा निधन भएको छ । अस्वस्थताका कारण ८८ वर्षीय पुतलीबाजे दुई महिनादेखि हरियोखर्क अस्पतालमा उपचाररत् थिए ।

पुतलीबाजेको सोमबारमात्रै अन्त्येष्टि गरिने उनी निकट सुनिल उलकले जानकारी दिए । 'त्यतिञ्जेलसम्म उहाँको शव अस्पतालमै राखिने भएको छ,' उनले भने । उनको अन्त्येष्टि सोमबार १० बजे नदीपुरमा गरिनेछ ।

पोखराका मेयर धनराज आचार्य पर्यावरण त्यसमा पनि पुतलीको अध्ययन र खोजमा विशेष योगदान रहेको बताउँछन् । उनले पुतलीबाजेको अन्त्येष्टिका लागि आइतबार मात्रै विस्तृत जानकारी दिइने बताए ।

### को हुन् स्मिथ ?

सेतो छाला, सेतै कपाल, सदाबहार सेतो पाइन्टसँग आकाशे निलो रङ सर्ट अनि शिरबाट कहिल्यै नहटेको ढाकाटोपी । यो थियो, बेलायती नागरिक कोलिन स्मिथको 'नेपाली हुलिया ।'

२०२२ सालमा युनाइटेड मिसनमार्फत शिक्षणका लागि स्मिथ नेपाल आएका थिए । उनले सुरुमा पोखरा लामाचौरस्थित नेपाली आदर्श विद्यालय (हालको गण्डकी बोर्डिङ स्कुल)बाट अध्यापन सुरु गरेका थिए । नेपाली आदर्श स्कुलमा पढाउँदा पढाउँदै उनलाई धर्म प्रचार गर्न पनि दबाब दिइएको थियो ।

तर उनले मानेनन् । 'मैले यस्तो काम गर्न सक्दिनँ भनेपछि मलाई उतै (स्वदेश) फर्काइयो,' स्मिथले भनेका थिए, 'त्यसपछि फेरि नेपाल बोलाइयो । तर मलाई पोखरा होइन, पढाउन गोरखा पठाइयो ।'

गोरखाको अमरज्योति माविमा पढाउँदा उनका दुई मेधावी विद्यार्थी थिए, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र नेपालकै प्रख्यात चिकित्सक उपेन्द्र देवकोटा । दुवैलाई उनले कक्षा ९ मा पढाएका थिए ।

'उहाँ हामीलाई विज्ञान पढाउनुहुन्थ्यो । समय मिल्यो कि पुतली समाउने जाली बोकेर छेउको जंगल चहार्नुहुन्थ्यो,' पूर्वप्रधानमन्त्री भट्टराईले स्मिथलाई सामाजिक सञ्जालमार्फत स्मरण गरेका छन्, 'कहिलेकाहीं त कक्षाकोठाको झ्यालबाट बाहिर पुतली देख्यो कि 'ऊ..ऊ..पुतली' भन्दै कक्षा छोडेर कुद्नुहुन्थ्यो । हामी केटाकेटी मज्जाले हाँस्थ्यौं ।'

स्मिथ जति पुतली मन पराउँथे, त्यति नै मन पराउँथे पुतली पनि । त्यसैले कालान्तरमा उनी वास्तविक नामले भन्दा बढी पुतली बाजेको नामले चिनिए, लामो संघर्षपछि मानार्थ नेपाली नागरिकता पाए ।

पोखरा सराङकोट नजिकै बस्दै आएका उनी प्राय: जिल्ला प्रशासन कार्यालयमा भेटिन्थे । 'जीवन त नेपालमै बिताइयो, नागरिकता पाइयो भने नेपाली भएर मरिन्थ्यो,' प्रष्ट नेपालीमै उनी भन्थे, 'म क्रिश्चियन हुँ । तर मेरो लास सेतीमा जलाइदिनू है ।'

सन् १९९० देखि नेपाली नागरिकताका लागि प्रशासन धाउन थालेका उनले सन् २०१९ डिसेम्बर २ मा बल्ल मानार्थ नेपाली नागरिकता पाएका थिए ।

### स्मिथ कसरी बने पुतली बाजे ?

अहिले पनि उनको वास्तविक नामबाट कमैले चिन्छन् । तर पुतलीको जाति-प्रजातिको खोज अनुसन्धान गर्दागर्दै यो उपनाम पाए, पुतली बाजे । कालान्तरमा धेरैले चिन्ने र सम्झिने नाम पनि यही बन्न पुग्यो ।

खासमा उनलाई 'पुतली बाजे' भनिनु पनि उनको पुतलीप्रतिको मोह भएर नै हो । पुतली बाजेले आफू सानो हुँदा काका पुतलीको खोज र अनुसन्धानमा लागेको देखेर रुचि जागेको बताएका थिए । पुतलीकै खोजमा नेपालका ४० भन्दा बढी जिल्ला पुगेको उनी सुनाउँथे ।

'पुतलीको खोज र अनुसन्धानमै लागेपछि मैले पढाउनै छोडें र मन लगाएर पुतली खोज्नतिर लागें,' उनले भनेका थिए, 'मलाई त पुतलीको फोटो खिच्न पनि मन पर्छ ।'

नेपालमा पाइने ६६० प्रजातिबारे नेपालीभन्दा उनी नै बढी जानकार थिए । लोपोन्मुख अवस्थामा रहेका विभिन्न जाति-प्रजातिका पुतली तथा झ्याउँकिरीबारे अध्ययन गर्नै उनले जीवन लगाए ।

नेपालका ४० जिल्ला घुमेर उनले २५ हजारभन्दा बढी पुतली संकलन गरेका थिए । जसको प्रमाण पीएन क्याम्पस, प्राकृतिक विज्ञान संग्रहालय स्वयम्भू र काठमाडौं विश्वविद्यालयमा रहेको पुतली संग्रहालयमा अहिले पनि देख्न सकिन्छ ।

उनले संग्रहित गरेका पुतली पृथ्वीनारायण क्याम्पसमा रहेको अन्नपूर्ण म्युजियम अहिले नामले भन्दा पनि 'पुतली संग्रहालय'को नामले बढी चिनिन्छ । पुतली बाजेले पुतलीबारे दर्जनौं अनुसन्धानात्मक किताब पनि लेखेका छन् । पुतली र झ्याउँकिरीसम्बन्धी उनका ३० भन्दा किताब प्रकाशित छन् । उनको पहिलो कृति 'बटरफ्लाइज अफ नेपाल इन सेन्ट्रल हिमालय' सन् १९८९ मा प्रकाशित भएको थियो । *(स्रोत: अनलाईनखबर)*

## वंशगोपाल माविका विद्यार्थी पढ्दै कमाउँदै

# तिहारका लागि सयपत्री फुल उत्पादन


विद्यार्थीले पढ्दै-कमाउँदै कार्यक्रमअन्तर्गत गरेको सयपत्री फुलखेती ।

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिका-२ स्थित वंशगोपाल माविका विद्यार्थीले व्यावसायिक फुल खेती गर्दै तिहारका लागि सयपत्री फुल तयार पारेका छन् । विद्यालय परिसरमा पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत फुल खेती गरी तिहारका लागि व्यावसायिक रुपमा फुल उत्पादन गरेका हुन् ।

विद्यालयका प्रधानाध्यापक विक्रम चौरेलका अनुसार विद्यालयमा बाली विज्ञान विषय अध्ययनरत विद्यार्थीहरु र विद्यालयले तिहार लक्षित विभिन्न प्रजातिका सयपत्री फुल उत्पादन गरेको छ । विद्यालयमा कक्षा ९ देखि १२ कक्षासम्म बाली विज्ञान विषय अध्ययन-अध्यापन भइरहेको छ । जसमा १ सय २० जना विद्यार्थी अध्ययनरत रहेको प्रधानाध्यापक चौरेलले बताउनुभयो । विद्यालय परिसरमा दुईवटा टनेलमा सयपत्री फुल लगाएर हुर्काइएको छ। फुल बिक्री भएमा ३० हजार रुपैयाँभन्दा बढी आम्दानी हुने अनुमान गरिएको उहाँले बताउनुभयो । फुल बिक्रीको टुङ्गो भने लागि नसकेको उहाँले बताउनुभयो । लगानी गर्दा लागेको खर्च कटौती गरी बाँकी पैसा विद्यार्थीको विद्यालय कोषमा जम्मा गरिने प्रधानाध्यापक चौरेलले बताउनुभयो । विद्यालयमा फुल रोप्नका लागि टनेल भने प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजनाले सहयोग गरेको थियो ।

विद्यालयले पहिलो पटक फुल उत्पादन सुरु गरेको हो । आगामी वर्षदेखि थप व्यवस्थित रुपमा फुल खेती विस्तार गरिने प्रधानाध्यापक चौरेलले बताउनुभयो । विद्यार्थीलाई पढाईसँगै उत्पादनमा जोड दिने उद्देश्यले विद्यालय फुल, तरकारी र धान खेती गर्दै आएको उहाँले बताउनुभयो । विद्यालयमा सयपत्री फुलसँगै विद्यार्थीहरुले धान खेती र तरकारी खेती पनि गरेको छ । ४ वर्षदेखि धान खेती भइरहेको छ । यस वर्ष करिब २ कठ्ठा जग्गामा धान खेती गरिएको छ ।

यस्तै २ वटा टनेलमा गोलभेडा र बोडी खेती गरिएको छ । तरकारीहरु तिहारदेखि छठसम्म बिक्री गर्न योग्य हुने प्रधानाध्यापक चौरेलले बताउनुभयो । यस वर्ष गोलभेडाबाट करिब १ लाख रुपैयाँ आम्दानी हुने अपेक्षा गरिएको उहाँले बताउनुभयो । अर्को वर्षदेखि धान खेती गरिएको जग्गामा पनि व्यवस्थित रुपमा तरकारी खेती विस्तार गरिने उहाँले बताउनुभयो ।

## जेसीज सप्ताह सम्पन्न

समाज संवाददाता

हेटौंडाः जेसीआई हेटौंडा लेडीको जेसीज सप्ताह सम्पन्न भएको छ । बुधबार देखि सुरु भएको जेसीज सप्ताह शनिबार समापन गरिएको हो । ४ दिनमा विविध ७ वटा कार्यक्रम गर्दै जेसीज सप्ताहको समापन गरिएको हो ।

जेसीआई हेटौंडा लेडीले जेसीज सप्ताहअन्तर्गत आश्रमलाई सहयोग, स्लो स्कुटी प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, बैठक सञ्चालनसम्बन्धी प्रशिक्षण तथा शैक्षिक सामग्री वितरणको कार्य गरेको थियो । शनिबार जेसीआई हेटौंडा लेडीकी अध्यक्ष डिलमाया घर्तीको अध्यक्षता तथा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यमा जेसीज सप्ताह समापन समारोह भएको थियो ।

कार्यक्रममा बागमती प्रदेश सभा सदस्य एका लाल श्रेष्ठ, प्रेम बहादुर पुलामी, हेटौंडा उपमहानगरपालिका ८ नम्बर वडा अध्यक्ष रामकृष्ण थापा, १५ नम्बर वडा अध्यक्ष सुनिल मोक्तान, नेपाल जेसीजकी कार्यकारिणी उपाध्यक्ष रश्मि बस्नेत, उपाध्यक्ष शोनी श्रेष्ठ, जेसीआई हेटौंडाका अध्यक्ष श्रवण बर्तौलाको पनि आतिथ्य रहेको थियो । समापन समारोहमा प्रतियोगितात्मक कार्यक्रममा सहभागीलाई पुरस्कार वितरण गरिएको थियो भने सहयोगीलाई मायाको चिनो प्रदान गरिएको थियो ।

# हाँडीखोलामा निशुल्क दन्त शिविर


शिविरमा दन्त परीक्षण गर्नुहुँदै एक चिकित्सक ।

समाज संवाददाता

हेटौंडाः रोटरी क्लब अफ हेटौंडा र रोट्रयाक्ट क्लब अफ हेटौंडाको संयुक्त आयोजनामा मकवानपुरको मनहरी गाउँपालिका-३, हाँडीखोलामा एकदिने निशुल्क दन्त शिविर आयोजना गरिएको छ । रोटरी कम्युनिटी कर्प्स (आरसिसि) को स्थानीय समन्वय र मनहरी गाउँपालिका ३ नम्बर वडा कार्यालयको संयोजनमा शिविरको आयोजना गरिएको हो ।

शिविरमा बालबालिकादेखि ८५ वर्षसम्मका बृद्धबृद्धासहित एक सय ८५ जनाले दन्त परीक्षण गराएका थिए । शिविरमा आवश्यकताअनुसार निशुल्क औषधि पनि वितरण गरिएको थियो । एभरेष्ट डेन्टल क्लिनिक र पुजा दाँत घरको प्राविधिक सहयोग तथा डा. मनोज कुमार उपाध्यायको नेतृत्वमा ५ जना दन्त चिकित्सकहरुले दन्त परीक्षण गर्नुभएको थियो ।

# अध्यापन अनुमतिपत्र परीक्षा, २,४६८ परीक्षार्थी अनुपस्थित


हेटौंडा-४, कर्रास्थित श्रमिक मावि परीक्षा केन्द्रमा अध्यापन अनुमतिपत्रको परीक्षा दिँदै परीक्षार्थी ।

समाज संवाददाता

हेटौंडाः निमावि अध्यापन अनुमतिपत्र परीक्षामा मकवानपुरका परीक्षा केन्द्रमा दुई हजार चार सय ६८ जना अनुपस्थित भएका छन् । शनिबार हेटौंडाका विभिन्न १४ वटा विद्यालयमा कायम गरिएको २५ वटा परीक्षा केन्द्रमा तीन हजार आठ सय ९७ जना परीक्षार्थी सहभागी भएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जनाएको छ ।

हेटौंडाका परीक्षा केन्द्रमा अध्यापन अनुमतिपत्रको परीक्षामा सहभागी हुने परीक्षार्थीको संख्या छ हजार तीन सय ९५ जना थियो । आवेदन दिएका मध्ये ठूलो संख्यामा अनुपस्थित भएका हुन् । शनिबार दिउँसो १ बजेदेखि २ बजेसम्म एक घण्टा परीक्षा भएको थियो । परीक्षाका लागि हेटौंडा-१ स्थित अमर मावि, हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पस, सिद्धार्थ मावि, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-४ स्थित भुटनदेवी मावि, आधुनिक राष्ट्रिय मावि, श्रमिक मावि, हेटौंडा क्याम्पस, हेटौंडा-५ स्थित बालज्योति मावि, जीएस निकेतन मावि, हेटौंडा-१० स्थित ज्ञानदा मावि, तुल्सीमेहर मेमोरियल इंग्लिस बोर्डिङ स्कूल, सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी, हेटौंडा-११ स्थित त्रिभुवन माविमा परीक्षा केन्द्र निर्धारण गरिएको थियो ।

# भारतमा दुर्घटनामा एकै परिवारका ५ नेपालीको मृत्यु

सुर्खेतः भारतमा ट्रकले ठक्कर दिँदा रोजगारीका लागि गएका सुर्खेतका एउटै परिवारका पाँच जनाको मृत्यु भएको छ । भारतको कर्नाटक राज्यको गुलवर्गा अवजलपुरको तलकामा बाटो काट्ने क्रममा ट्रकले ठक्कर दिँदा सुर्खेत चौकुने गाउँपालिका-७ का एउटै परिवारका पाँच जना नेपालीको मृत्यु भएको हो ।

मृत्यु हुनेमा सुर्खेत चौकुने-७ अमलाटाकुराका २७ वर्षीय रतन नेवार सहित उनकी श्रीमती २५ वर्षीय अस्मिता नेवार, उनका छोरा पाँच वर्षीय मिलन, अर्का छोरा दुई वर्षीय धड्कन र भाइबुहारी सुस्मिता नेवार रहेको चौकुने-७ का वडाध्यक्ष धनिराम धमलाले जानकारी दिए । मृतक रतनका दाइ त्यहाँकै एक अस्पतालमा उपचार गराइरहेको र उनलाई भेटेर फर्किने बेला ट्रकले ठक्कर दिइएको जानकारी प्राप्त भएको वडाअध्यक्ष धमलाले जानकारी दिए ।

मृतक नेवारका परिवार एक वर्षदेखि रोजगारीका लागि भारतमै थिए । चौकुने घरमा बुढा बुबाआमा मात्रै रहेको जनाइएको छ । बाबुआमा मात्रै रहेको र बाँकी सबै परिवार रोजगारीका लागि भारतमै रहेको धमलाले बताए । घटनाको अनुसन्धानका लागि त्यहाँको प्रशासनसँग माग गरिएको त्यहाँ रहेका नेपालीलाई उद्घृत गर्दै वडाध्यक्ष धमलाले बताए ।

*स्रोतः अनलाइनखबर ।*

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज


सुनौं र सुनाऔं

स्वादिष्ट नेवारी खाजा
अब

होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत
सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

## रूकुम पश्चिममा २४ जना बालबालिकाको मृत्यु

# ९ महिनादेखि १५ वर्षसम्म उमेर समूहका

काठमाडौंः भूकम्पका कारण रूकुम पश्चिममा ज्यान गुमाएका ३८ जनाको पहिचान भइसकेको छ । शुक्रबार राति ११:४७ बजे जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु बनाएर गएको ६.४ रेक्टर स्केलको भूकम्पले ठूलो मानवीय क्षति पुऱ्याएको छ । नेपाल प्रहरीले दिएको पछिल्लो जानकारीअनुसार जाजरकोटमा मात्रै १०५ जनाको मृत्यु भएको छ । रूकुम पश्चिममा भने ५२ जनाको मृत्यु भएको हो ।

तीन वटै सुरक्षा निकायहरू परिचालन गरी जाजरकोट र रूकुम पश्चिममा उद्दार तथा खोजीको काम भइरहेको छ । रूकुम पश्चिममा ज्यान गुमाउनेहरूमा अधिकांश बालबालिकाहरू रहेको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले प्रदान गरेको विवरणमा देखिन्छ । अहिलेसम्म प्राप्त विवरणअनुसार पहिचान भएका ३८ जनामध्ये २४ जना बालबालिकाहरू छन् । सानीभेरा गाउँपालिका-२ परियार टोल बस्ने महाविर दमाइकी १२ वर्षीया छोरी मनिषा परियार, वडा नम्बर १ का ८ वर्षीय यमराज पुन, २ वर्षीय सितम पुन, १० महिने बालक रेजन वली, गुठीचौरका ४ वर्षीय सरस्वती विक, वडा नम्बर ४ बस्ने ८ वर्षीय निर्जल चन्द र ६ वर्षीय कृष्ण परियारको शव फेला परेको हो ।

आठविसकोट नगरपालिका-१२ सानिबार्को बस्ने १४ वर्षीय रमेश पुन, १३ वर्षीय डिलबहादुर केसी, वडा १४का ३ वर्षीय बासु बुढा, ५ वर्षीया भावना जैसी, २ वर्षीय दिपेन जैसी, १२ वर्षीया सरिता विक, वडा १४ का १३ वर्षीय मदन गौतम, वडा ११ गैरीका १३ वर्षीया सृजना कामी, ९ वर्षीया रिया कामी, ६ वर्षीया दिया कामी, ४ वर्षकी आशा कामी, १८ महिनेकी एलिसा कामी, १३ वर्षीय विराज मल्ल र १५ वर्षीया प्रेमा मल्लको मृत्यु भएको छ ।

त्यस्तै सोही ठाउँकी १० वर्षीया चन्द्रकला मल्ल, ४ वर्षीय एकनाथ मल्ल र ८/९ महिनेका आयुष शाहीको पनि भूकम्पमा परी ज्यान गएको छ । बाँकी मृतक युवा र वृद्ध अवस्थाका छन् । सानीभेरी-१ चाइनाबगर बस्ने ३१ वर्षीय धनबिर पुन, २८ वर्षीया चुम्निमा पुन र वडा ४ की २५ वर्षीया सकुन्तला दमाईको मृत्यु भएको छ । त्यस्तै आठबिसकोट नगरपालिका-१४ की ३० वर्षीया अमृता जैसी, ८३ वर्षीया करे नेपाली, वडा नम्बर ११ की ३५ वर्षीया शिला कामी, डेरामा बस्ने ३० वर्षीय किस्मत पुन मगर, डेरामा बस्ने ४७ वर्षीय खड्क विक र ३६ वर्षीय अनिल विकको पनि मृत्यु भएको हो । किस्मत, खड्क र अनिल कामको शिलशिलामा रूकुम पश्चिममा डेरामा बस्दै आएका थिए ।

यस्तै ५६ वर्षीया तुली मल्ल, ५५ वर्षीय कुमारो महत्तरा, ७० वर्षीया पूर्वकुमारी शाही, २६ वर्षीया भूमिका शाही र ४७ वर्षीया अमृता मल्लको पनि भूकम्पमा परी ज्यान गएको छ । उद्दारका लागि तीन वटै सुरक्षा निकायको टोली घटनास्थलमा खटिएका छन् । अहिले उद्दारका लागि १२ सय भन्दा बढी सुरक्षाकर्मीहरु परिचालन गरिएका छन् । *स्रोतः सेतोपाटी ।*

A.N.B. ELECTRONICS
Hetauda-4, Khopegalli
२०-२५% दशैं विशेष अफर

AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, DEEP FREEZER, COOlER तथा अन्य ईलेक्ट्रोनिक्स सामानहरू होलसेल मुल्यमा पाईन्छ ।
साथै AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, मर्मत गर्नुपरेमा तपाईको घरमै प्राविधिक उपलब्ध गराईनेछ ।
प्रोप्राईटर: अंकित ढकाल
९८५५०-६२९७७

# प्रदेशस्तरीय भलिबल प्रतियोगितामा थाहा नगर उपाधि नजिक



*थाहा नगरको भलिबल टिम ।*

समाज संवाददाता

हेटौंडाः दोलखाको जिरीमा जारी बागमती प्रदेशस्तरीय अन्तरपालिका पुरुष भलिबल प्रतियोगितामा मकवानपुरको थाहा नगरपालिकाको भलिबल टिम फाइनलमा प्रवेश गरेको छ । शनिबार भएको सेमिफाइनल खेलमा लिखु तामाकोशी गाउँपालिकालाई ३-२ सेटले हराउँदै थाहा फाइनलमा प्रवेश गरेको टिम म्यानेजर रुपक कार्कीले बताउनुभयो ।

फाइनल प्रवेश गरेसँगै थाहाले उपाधीका लागि चितवनको भरतपुर महानगरपालिकासँग प्रतिस्पर्धा गर्नेछ । शनिबार दिउँसो नै हुने भनिएको फाइनल खेल वर्षाका कारण प्रभावित बनेको छ । फाइनल खेल आज आइतबार बिहान हुने टिम म्यानेजर कार्कीले बताउनुभयो । विजेता टिमले १ लाख ५१ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १ लाख १ हजार रुपैयाँ प्राप्त गर्नेछ । यस्तै तृतीय हुने टिमले ५१ हजार रुपैयाँ र सान्त्वना हुने टिमले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

प्रतियोगितामा थाहा नगरपालिका सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकालाई हराउँदै क्वाटरफाइनलमा प्रवेश गरेको थियो भने सिन्धुलीको कमलामाई नगरपालिकालाई हराउँदै सेमिफाइनलमा प्रवेश गरेको थियो ।

# राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा चन्द्रागिरी प्रथम



*प्रतियोगितामा प्रथम हुन सफल चन्द्रागिरी डोजाङका खेलाडीलाई सिल्ड प्रदान गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१७ स्थित हटिया निर्माणाधिन कभर्ड हलमा भएको प्रतियोगितामा काठमाडौँको चन्द्रागिरी तेक्वान्दो डोजाङ प्रथम भएको छ । शनिबार सम्पन्न प्रतियोगितामा ११ स्वर्ण, १० रजत र १२ कास्य पदकसहित चन्द्रागिरी डोजाङ प्रथम भएको हो ।

प्रतियोगितामा आयोजक क्रिएटिभ तेक्वान्दो डोजाङ द्वितीय भएको छ भने किरण तेक्वान्दो डोजाङ तृतीय भएको छ । क्रिएटिभले ५ स्वर्ण, १२ रजत र १४ कास्य पदक जितेको छ । किरण तेक्वान्दो डोजाङले ४ स्वर्ण, ७ रजत र ४ कास्य पदक जितेको छ । प्रतियोगितामा देशभरबाट तीन सय ५० जना खेलाडीको सहभागिता रहेको थियो ।

क्रिएटिभ तेक्वान्दो एकेडेमीको आयोजना तथा राष्ट्रिय तेक्वान्दो संघ मकवानपुर, बागमती प्रदेश खेलकुद विकास परिषद्, खेलकुद विकास समिति हेटौंडा-१७, हेटौंडा उपमहानगरपालिका वडा-१६, १७ र १८ को सहकार्यमा राष्ट्रिय तेक्वान्दो प्रतियोगिता भएको हो । प्रतियोगिता आयोजना गर्नका लागि मकवानपुर जिल्ला खेलकुद विकास समितिले सिल्ड तथा मेडल उपलब्ध गराएको आयोजक समितिका संयोजक भोजराज पराजुलीले जानकारी दिनुभएको छ ।

क्रिएटिभ तेक्वान्दो डोजाङका प्रमुख भोजराज पराजुलीको सभाध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलानको प्रमुख आतिथ्यमा सम्पन्न भएको प्रतियोगितामा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेष खड्की, राष्ट्रिय तेक्वान्दो संघका कार्यबाहक सचिव राकेश कुमार, राष्ट्रिय तेक्वान्दो संघको जिल्ला अध्यक्ष मदन श्रेष्ठको आतिथ्य रहेको थियो ।

# कराँते प्रतियोगिता सम्पन्न

समाज संवाददाता

हेटौंडाः मकवानपुर क्योकुसिन कराँते संघ वनस्पती उपशाखाको आयोजनामा तथा हेटौंडा उपमहानगर पालिका १३ नम्बर वडा कार्यालयको प्रयोजनमा भएको प्रथम वडा अध्यक्ष फुल कन्ट्याक्ट राष्ट्रिय कराँते शनिबार सम्पन्न भएको छ ।

प्रतियोगितामा ५० केजी तौल समुहमा महिलातर्फ आरती लोप्चन प्रथम, सुस्मिता भोम्जन द्वितीय, प्रयोना लोप्चन तृतीय र पूर्णिमा श्रेष्ठ चौथो भए । ५५ केजीबाट लक्ष्मी थिङ प्रथम, ज्योति लुङ्बा द्वितीय, अनिशा तमाङ तृतीय र निशा थापा मगर चौथो भए । पुरुषतर्फ ५५ केजीबाट रोशन गौतम प्रथम, हीभव राई द्वितीय, मनिष गोपाली तृतीय र नवराज गिरी चौथो भए । ६० केजीबाट दिनेश लामा प्रथम, रकेन्द्र बोहोरा द्वितीय, भुपेन्द्र यादव तृतीय र रामेश्वर चौथो भए ।

प्रथम, द्वितीय, तृतीय र चौथो हुनेलाई क्रमशः जनही पाँच हजार, दुई हजार पाँच सय, एक हजार पाँच सय र एक हजार रुपैयाँ नगदसहित मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो । प्रतियोगितामा एक सय ५० भन्दा बढी खेलाडीको सहभागिता रहेको थियो । वनस्पती क्योकुसिन कराँते डोजाङका अध्यक्ष अशोक डिमडुङको अध्यक्षता तथा वडा अध्यक्ष पेम्बा लामाको प्रमुख आतिथ्यमा शुक्रबार प्रतियोगिताको उद्घाटन कार्यक्रम भएको थियो ।

# धादिङ र काभ्रेपलान्चोकमा २ जना मृत फेला

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको धादिङ र काभ्रेपलान्चोक जिल्लामा एकै दिन २ जना मृत फेला परेका छन् । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएअनुसार धादिङ जिल्लाको रोराङ गाउँपालिका-३ मलेखु बेनिघाट स्थित त्रिशुली नदीको किनारामा एक जना वृद्धा मृत फेला परेकी छिन् । मृत फेला पर्ने रोराङ गाउँपालिका-३, सलाङघाटकी ८३ वर्षीया गोमादेवी पाण्डे रहेको प्रहरीले जनाकारी दिएको छ । वृद्धा शुक्रबार बिहान ९ बजेको समयमा त्रिशुली नदीको किनारामा मृत फेला परेकी हुन् ।

यस्तै, काभ्रेपलान्चोकको पाँचखाल नगरपालिका-२, डाँडाखेतमा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ३५ वर्षीय उद्धव प्रसाद चौलागाई रहेको प्रहरीले जनाकारी दिएको छ । चौलागाई बुधबारदेखि घरबाट हिँडेको आफन्तले खोजतलास गर्दा शुक्रबार बिहान ७ बजेको समयमा घर भन्दा पर कुलेसोमा मृत फेला परेका थिए ।

# खैरो हिरोइनसहित २ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः लागुऔषध खैरो हिरोइनहित दुई जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । शनिबार साँझ पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५, रातोमाटेस्थित प्रहरी चोकपोष्टबाट प्रहरीले लागुऔषध खैरो हिरोइन ८ ग्रामसहित चितवन जिल्लाको भरतपुर महानगरपालिका-१२, नौरंगेका ३३ वर्षीय विशाल दराई र भरतपुर महानगरपालिका-९ का २३ वर्षीय अमृत दूरालाई नियन्त्रणमा लिएको जनाएको छ । बीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको बा प्र ०३-००१ ख १७२६ नम्बरको यात्रुबाहक बसमा सुरक्षाजाँच गर्ने क्रममा दराई र दूरालाई प्रहरीले पक्राउ गरेको हो । प्रहरीले हिरसातमा राखी थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# कविता प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडामा विद्यालयस्तरीय खुल्ला कविता प्रतियोगिताको आयोजना गरिएको छ । प्रतियोगिता महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीको अवसरमा साहित्य संगम मकवानपुर र युग प्रकाश क्लब हेटौंडाको संयुक्त आयोजनामा हुन लागेको हो ।

प्रतियोगितामा सहभागी कविहरुले बढीमा दुइ सय शब्दसम्मको कविता लेख्नुपर्ने साहित्य संगम मकवानपुरका अध्यक्ष डिबी बर्तौलाले जानकारी दिनुभयो । प्रतियोगितामा कक्षा-१२ सम्मका विद्यार्थीले मात्र सहभागिता जनाउन पाउने छन् । प्रतियोगिता कार्तिक २६ गते हेटौंडा-११ स्थित त्रिभुवन माध्यमिक विद्यालयमा हुने जनाइएको छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीको अवसर पारेर आयोजना गरिने भएकोले त्रिभुवन माविमा रहेको महाकवि देवकोटाको अर्धकदको शालिकमा माल्यार्पण गरेर विद्यालय परिसरमै कार्यक्रमको आयोजना गरिनेछ । प्रतियोगितामा उत्कृष्ट हुने तीन जनालाई दुइ हजार रुपैयाँ र प्रोत्साहनस्वरुप एक जनालाई एक हजार रुपैयाँसहित प्रमाण-पत्र प्रदान गरिने छ ।

# अवैध पटाका र सुर्ती नियन्त्रण

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडा-१५, रातोमाटे चेकपोष्टबाट मकवानपुर प्रहरीले अवैध पटका र सुर्ती बरामद गरेको छ । शनिबार बिहान ९ बजेर ४५ मिनेटको समयमा रातोमाटेबाट खटिएको प्रहरी टोलीले रौतहट जिल्लाको गौरबाट हेटौंडातर्फ आउँदै गरेको ग १ ख ८८४८ नम्बरको यात्रुबाहक बसलाई सुरक्षाजाँच गर्दा अवैध पटका र सुर्ती बरामद गरेको प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।

प्रहरीले बसको यात्रु बस्ने सिट मुनी लुकाएर ल्याएको कोब्रा पटाका ४ सय प्याकेट (१ प्याकेटमा २८ पिस), सुर्ति १० किलो (बोरामा खुल्ला) र गुल १० प्याकेट फेला पारी नियन्त्रणमा लिइएको छ । अवैध पटका र सुर्ती नियन्त्रणमा लिई बसलाई गन्तव्यमा पठाएको प्रहरीले जानकारी दिएको छ ।

## मोटरसाइकल हराएको सूचना

निरज वाईबाको नाममा दर्ता रहेको बा प्र ०३-००५ प १५९ नम्बरको १५० सीसीको पल्सर मोटरसाइकल (इन्जिन नं.DHYRMD66827, च्याचिस नं. MD2A11CY8MPD93409) मिति २०८० साल कार्तिक १७ गते बिहान अन्दाजी ६ बजेको समयमा हेटौंडा-२ स्थित आफ्नै घर अगाडि पार्किङ गरी राखेको ठाउँबाट हराएको हुँदा कहीं कतै देख्नुहुने जो कसैले तल उल्लेखित मोवाइल नम्बर वा नजिकको प्रहरी चौकीमा जानकारी गराइदिनुहुन अनुरोध गरिन्छ ।

**सम्पर्कः ९८४५३३१६२०**


## स्तनपान : बालबालिकालाई वरदान

आमाको दूध बालबालिकाका लागी अमृत समान हुन्छ ।
त्यसैले,

- स्वास्थ्यकर्मीहरुले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दूधको विकल्पमा बट्टाको दूध, दूधदानी जस्ता वस्तुको प्रवर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन ।

त्यस्तो कार्य गरेको पाईएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारवाही हुनेछ ।

**हेटौंडा उपमहानगरपालिका**
**३ नं. वडा कार्यालय**
**बसामाडी, हेटौंडा**








## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
- थाईराईड
- क्यान्सर
- रक्तअल्पता
- वाथरोग
- बाँझोपन
- भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७







समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ